कानेपोखरी गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वयरवन,मोरङ

ठेक्का नं.- ४/२०७४/०७५

**वोलपत्र आव्हानको सुचना ॥**
(प्रथम पटक प्रकाशित मिति: २०७५ वैसाख १५ गते)

यस कार्यालयको आ.व.२०७४।०७५ को वार्षिक कार्यक्रम अनुसार होक्लावरी सडक स्तरोन्नति तथा कालोपत्रे को काम गर्नुपर्ने भएकोले सो निर्माण कार्य वोलपत्रवाट गराउनुपर्ने भएकोले नेपाल सरकार वाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीका लागि निम्न सर्तहरुको अधिनमा रही यो रीतपुर्वकको वोलपत्र आव्हान गरिन्छ ।

१.वोलपत्र कागज यस कार्यालयवाट यो सुचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट रु ३०००।०० दस्तुर तिरी(पछि फिर्ता नहुने गरी) यस कार्यावय र हुलाक कार्यालय रमाईलो वाट खरिद गर्न सकिनेछ । वोलपत्र दर्ता गर्दा यस कार्यालयमा मात्र गराउन सकिने छ ।
२. वोलपत्र कागज खरिद गर्न इच्छुक निर्माण व्यवसायले रु १०।- को टिकट टासी नियमानुसारको कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिन ुपर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र ,ठेक्का (इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्वर करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. खरिद गरिएका वोलपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले ३१ सौ दिनको दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका वोलपत्रहरु दिनको २.०० वजे यस कार्यालयमा उपस्थित वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
४. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र वुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन वोलपत्र खरिद गर्न र वुझाउन सकिनेछ ।
५. वोलपत्र खाम वाहिर वोलपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र वोलपत्रदाताको नाम, ठेगाना र फोन नम्वर (घरको र मोवाइलको) स्पस्ट लेखिएको हुनु पर्नेछ ।
६.धरौटी वापत रु ६२,५००।-को यस कार्यालयको रा.वा.वैक बेलवारीमा रहेको धरौटी खाता नं. २४३०३०३००७१०४ मा जम्मा भएको सक्कलै भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० ( एकसय विस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंकहरुवाटयस कार्यालयको नाममा जारी भएको जवानीपत्र (विडवण्ड) पेश गर्नु पर्नेछ । सम्झौता सम्पन्न भए पछि मात्र जमानत वापतको रकम फिर्ता हुनेछ ।
७. वोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
८. एउटा फर्मको नामवाट खरिद गरिएको वोलपत्र अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।
९. वोलपत्रदाताले वोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको वोलपत्र पेश गर्नु पर्नेछ ।
१०. स्थानीय तथा नेपाल सरकारलाई वुझाउनु पर्ने सवै प्रकारका करहरु वोलपत्रदाता स्वयं आफैले वुझाउनु पर्नेछ ।
११. कुनै शर्त राखि पेश गरेको वोलपत्र उपर कारवाही हुनेछैन ।
१२.सुचना सर्त विपरित भएको कार्यालयवाट उपलब्ध गराईएको वोलपत्र फारममा कुनै थपघट गरेको ,रित नपुगको ,म्याद नाघि पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन तथा वोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१३.वोलपत्रदाताले लागत अनुमान भन्दा पन्द्र प्रतिसत सम्म कम अंक कवुल गरेमा कवुल अंकको पाँच प्रतिसत र लागत अनुमानको पन्द्र प्रतिसत भन्दा वढी कवुल गरेको अवस्थामा पन्द्र प्रतिसत भन्दा जति रकमले घटि अंकले कवोल गरेको छ सो को पँचास प्रतिसत हुन आउने रकम कवुल गरेको पाँच प्रतिसतमा थप गरि कार्यसम्पादन जमानत वापत दाखिला गर्नु पर्नेछ ।
१४. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१५. अन्य जानकारी आवश्यक भएमा यस कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिनेछ ।
१६. यो सुचना यस कार्यालयको Website www. Kanepokharimun.gov.np मा समेत हेर्न सकिनेछ ।

| सि.नं. | कामको विवरण | ठेक्का अंक | २.५ प्रतिसतले हुने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | होक्लावरी सडक स्तरोन्नति तथा कालोपत्रे | २४,९७,९६४.६० (भ्याट वाहेक) | ६२,५००.०० | |

नि० प्रमुख प्रशासकिय अधिकृत